वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक २७७ | २०८२ फागुन १३ गते बुधबार, नेपाल सम्वत् ११४६ February 25, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-






**चुनावका समयमा चर्चामा आउने घुमाउने पुल :** २०७० असार २८ गते मुग्लिङ-नारायणगढ सडकखण्डको घुमाउनेबाट तनहुँ जोड्ने गरी त्रिशुली नदीमाथि पक्कि पुल निर्माणलाई सम्झौता भएपनि हालसम्म दुबै तर्फ पिल्लर ठडाउने बाहेक अन्य काम हुन सकेको छैन । चुनावका समयमा राजनीतिकदलको मुख्य नारा बन्ने गरेको यो पुल निर्माण अझै कहिले बन्ने हो टुंगो छैन । दुई वर्षअघि दुवैतर्फ पिल्लर ठड्याइए पनि बाढीका कारण नदीको सतह बढेपछि अहिले पुनः डिजाइन परिवर्तनको प्रक्रिया अगाडि बढाइएको बताइएको छ । दमौलीलाई चितवनसँग जोड्ने छोटो दूरीको वैकल्पिक मार्गका रुपमा लिइएको यो चुनावी नारा र प्रतिवद्धता बन्ने तर पुल निर्माण नहुने अवस्थामा रहेको छ । *तस्विर : भञ्ज्याङ*

# नेपालका सडक मृत्युको पासो कि विकासको आधार ?

नेपालमा सडक दुर्घटना कुनै नौलो कुरा रहेन । हरेक दिन पत्रपत्रिका र समाचारका 'हेडलाइन'हरु सडक दुर्घटना र ज्यान गुमाउनेहरुको तथ्याङ्कले भरिएका हुन्छन् । अस्ति मात्रै पोखराबाट काठमाडौँतर्फ आइरहेको यात्रुवाहक बस दुर्घटना हुँदा १९ जनाले अकालमै ज्यान गुमाउनुपर्‍यो भने २५ जना यात्रु घाइते अवस्थामा छन् । यसअघि पनि केही हप्ताको अन्तरमै धेरैको ज्यान जानेगरी सवारी दुर्घटनाहरु भएका छन् ।

प्रहरीको तथ्याङ्कअनुसार पछिल्लो आठ वर्षमा नेपालमा सडक दुर्घटनामा ज्यान गुमाउनेको संख्या १९ हजार ३५८ पुगेको छभने ९६ हजार घाइते भएका छन् । प्रहरी मुख्यालयमा प्राप्त विवरणअनुसार २०७० को दशकको आठ आर्थिक वर्षमा मात्रै एक लाख ८६ हजार २७७ सडक दुर्घटना भएका छन्। दुर्घटनामा ज्यान गुमाउने नागरिकको संख्या १९ हजार ३५८ पुगेको छ । यस्ता दुर्घटनामा परी एक लाख ३५ हजार १७५ जना मानिस घाइते भएका छन् । दुर्घटनाका विवरण केलाउँदा सबैभन्दा जोखिममा मोटरसाइकल र जिप तथा कार भ्यान देखिएका छन् ।

नेपाल प्रहरीको तथ्याङ्क अनुसार वार्षिक हजारौँ मानिसले सडकमा अकालमै ज्यान गुमाउँछन्। भौगोलिक विकटता, कमजोर पूर्वाधार र मानवीय लापरबाहीको त्रिकोणात्मक मिलनले नेपालका सडकहरु अहिले 'मृत्युको पासो' जस्तै बनेका छन् ।

दुर्घटनाको प्रकृतिअनुसार विवरण हेर्दा तीन कारणले दुर्घटना बढी हुने गरेका छन् । पहिलो चालकको लापरबाही, दोस्रो सडक पूर्वाधार र तस्रो यान्त्रिक कारण हो। सडक दुर्घटना बढ्नुको मुख्य कारण चालकको लापरबाही, सडक पूर्वाधारमा खेलाँची र र दुर्घटना न्यूनीकरणका लागि पहल नगर्नुलाई लिन सकिन्छ ।

यस्तै, सवारी चालक चेकजाँच नगरिएको, चालक निदाएको, जथाभावी ढोका खोलेको, ट्राफिक नियम उल्लङ्घन गरेको, मादक पदार्थ सेवन गरेको, 'ओभरटेक' गरेको र सवारी चलाउँदा मोबाइल फोन प्रयोग गरेका कारण पनि दुर्घटना भएका छन् । दुर्घटनाले मानिसको अकालमै मृत्यु हुने मात्र होइन, अपाङ्ग हुनुपर्दा परिवारलाई विचलित अवस्थामा पुर्‍याएको छ।

हाम्रो भौगोलिक अवस्था र सडकको बनावटले गर्दा पनि दुर्घटनाको दर बढ्दै गएको छ । नेपालको धरातलीय स्वरुप आफैँमा चुनौतीपूर्ण छ । पहाडी भेगमा घुम्ती सडकहरु, भिरालो जमिन र साँघुरा बाटाहरु छन् । इन्जिनियरिङको दृष्टिले कतिपय सडकहरु मापदण्ड विपरीत खनिएका छन् । वर्षायाममा पहिरो र हिउँदमा बाक्लो हुस्सुका कारण सडकको दृश्यता कम हुँदा दुर्घटनाको जोखिम उच्च हुन्छ ।

विशेषगरी राजमार्गहरुमा रहेका 'ब्ल्याक स्पट' (दुर्घटना बढी हुने ठाउँ) हरुको पहिचान र सुधार हुन सकेको छैन। दिनहुँजसो यति धेरै दुर्घटनाका घटनाहरु हुने गरे पनि राज्य र जनस्तरबाट त्यति गम्भीरता देखाएको पाइँदैन । पहिलो त राजमार्गमा को-को गुड्न पाउने भन्ने बारेमा नै अन्योलता छ । नेपालका राजमार्गहरुको मुख्य समस्या भनेकै 'लेन व्यवस्थापन' को अभाव हो । विकसित देशहरुमा राजमार्गमा साइकल वा कम गतिका सवारीलाई निषेध गरिन्छ, तर नेपालमा एउटै लेनमा भारी सवारीसाधन (बस, ट्रक), निजी सवारी (कार, जिप), दुईपाङ्ग्रे (मोटरसाइकल, स्कुटर) साइकल र पैदलयात्री र कतिपय ठाउँमा चौपाया सडकमै हिंड्ने गर्दछन् । यसले गर्दा दुर्घटनालाई बढाएको छ । यो मिश्रित यातायात प्रणाली नै दुर्घटनाको प्रमुख कारक हो । राजमार्गमा गुड्ने चालकसँग अनिवार्य रुपमा सम्बन्धित श्रेणीको अनुमति पत्र हुनुपर्छ । भारी सवारीका लागि कम्तीमा २१ वर्ष उमेर पुगेको र विशेष तालिम प्राप्त व्यक्ति मात्र योग्य मानिन्छन् । तर हाम्रो व्यवहारमा जसले जुनसुकै सावरी पनि चलाएको पाइन्छ ।

अधिकांश ठूला दुर्घटनाहरुलाई हेर्दा विषम समय र मौसमको चुनौतीका कारण भएको देखिन्छ। धेरैजसो ठूला दुर्घटनाहरु 'अड आवर' अर्थात् मध्यरात वा झिसमिसे बिहानीमा हुने गरेका छन् । यसका पछाडि चालकको थकान, निद्रा र तीव्र गतिको मोह जिम्मेवार हुन्छ। त्यस्तै, खराब मौसम जस्तैः भारी वर्षा, बाक्लो कुहिरो र हिउँ परेको

बाँकी अन्तिम पेजमा




# तनहुँमा चुनावको तयारी तीव्र : मतदान अधिकृत र सहायक अधिकृतलाई प्रशिक्षण

**भञ्ज्याङ समाचारदाता/दमौली**

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तनहुँमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतहरूलाई प्रशिक्षण दिइएको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालय (क्षेत्र नम्बर १) र निर्वाचन अधिकृतको कार्यालय (क्षेत्र नम्बर २) द्वारा छनोट गरिएका कर्मचारीलाई सोमबार र मंगलबार तालिम प्रदान गरिएको हो ।

निर्वाचन कार्यतालिकाअनुसार क्षेत्र नम्बर १ मा १५८ जना मतदान अधिकृत र १३४ जना सहायक मतदान अधिकृत तथा क्षेत्र नम्बर २ मा १५६ जना मतदान अधिकृत र सोही संख्यामा सहायक मतदान अधिकृत छनोट भएका छन् । उनीहरूलाई मतदान केन्द्र सञ्चालन, मतपत्र प्रयोग विधि, बदर मत न्यूनीकरणका उपाय, मतगणना प्रक्रिया तथा आकस्मिक व्यवस्थापन लगायतका विषयमा सैद्धान्तिक र व्यावहारिक ज्ञान दिइएको छ ।

जिल्ला निर्वाचन कार्यालयका प्रमुख विकास लम्सालले निर्वाचनलाई प्रविधिमैत्री र त्रुटिरहित बनाउन तालिमलाई विशेष प्राथमिकता दिइएको बताए। उनले भने, "निर्वाचनको सफलता मतदान केन्द्रमा खटिने कर्मचारीको कार्यदक्षतामा निर्भर गर्दछ । त्यसैले हामीले कर्मचारीहरूलाई मतदान प्रक्रियादेखि मुचुल्का तयार गर्नेसम्मका हरेक पक्षमा अभ्यस्त बनाएका छौँ ।" उनका अनुसार जिल्लाका १० वटै स्थानीय तहमा मतदाता शिक्षालाई प्रभावकारी बनाउन स्वयंसेवकसमेत परिचालन गरिसकिएको छ ।



प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले निर्वाचनलाई सुरक्षित र शान्तिपूर्ण बनाउन एकीकृत सुरक्षा योजना कार्यान्वयनमा ल्याइएको जानकारी दिए । उनका अनुसार जिल्लाभर मोबाइल टोली, स्ट्राइक टोली तथा अन्य सुरक्षा निकाय परिचालन गरिनेछ ।

जिल्लामा कुल दुई लाख ५४ हजार ३९७ मतदाता कायम भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । निर्वाचनका लागि आवश्यक मतपत्र र अन्य सामग्री

बाँकी दोश्रो पेजमा

# बन्दीपुर अस्पतालमा स्वास्थ्य सेवा लिने बढे

**भञ्ज्याङ समाचारदाता/बन्दीपुर**

तनहुँको बन्दीपुर अस्पताल मा गत माघ महिनामा कुल १ हजार ९०५ जनाले ओपीडी सेवा लिएका छन्। अस्पतालले विस्तारित सेवा समय लागू गर्दै कर्मचारी, विद्यार्थी, ज्याला-मजदुरी गर्ने वर्ग, व्यवसायी तथा गृहिणी लक्षित स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ। अस्पतालमा गत वैशाख १ गतेदेखि हरेक दिन (सार्वजनिक बिदा र शनिबार समेत) बिहान ७ बजेदेखि बेलुकी ८ बजेसम्म निःशुल्क ओपीडी सेवा सञ्चालन हुँदै आएको छ। कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म भने सेवा समय बेलुकी ७ बजेसम्म कायम गरिएको अस्पतालका प्रमुख अनिल गिरीले बताए ।

उनका अनुसार माघ महिनामा ओपीडी सेवा लिने सेवाग्राहीमध्ये नियमित समयका ९५९ जना अर्थात् ५०.३ प्रतिशत रहेका छन् भने अतिरिक्त समयका ९४६ जना अर्थात् ४९.७ प्रतिशत रहेका छन्।

नियमित ओपीडी सेवा अन्तर्गत कार्यालय खुल्ने दिन बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म टिकट काटी सेवा लिने सेवाग्राही समावेश गरिएको छ । अतिरिक्त ओपीडी सेवा अन्तर्गत बिहान ७ बजेदेखि १० बजेसम्म, दिउँसो २ बजेदेखि बेलुकी ८ बजेसम्म तथा सार्वजनिक बिदाका दिन बिहान ७ बजेदेखि बेलुकी ८ बजेसम्म सेवा लिने सेवाग्राहीलाई समेटिएको अस्पतालले जनाएको छ।

बिहान ७ बजेदेखि बेलुकी ८ बजेसम्म टिकट काटी सेवा लिएका कुल सेवाग्राहीलाई ओपीडी सेवाग्राही संख्यामा समावेश गरिएको छ भने आकस्मिक (इमर्जेन्सी) विभागबाट सेवा लिएका बिरामीको विवरण यसमा समावेश गरिएको छैन । अस्पताल प्रशासनका अनुसार विस्तारित सेवा समयका कारण सेवाग्राहीको पहुँच बढ्दै गएको छ। प्रमुख डा. गिरीले सेवा प्रभावकारी बनाउन नियमित तथा अतिरिक्त समयको ओपीडी सेवा निरन्तर सञ्चालन गरिने जानकारी दिए ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# मतदाता शिक्षा

लोकतान्त्रिक शासन व्यवस्थामा जनताले छानेका प्रतिनिधिले राज्य सञ्चालन गर्ने मूल मान्यता रहँदै आएको छ। यही मान्यताका आधारमा नागरिकले मतदानमार्फत आफ्ना प्रतिनिधि चयन गर्छन्। निर्वाचन केवल एउटा औपचारिक प्रक्रिया मात्र होइन, जनताको सार्वभौम अधिकार प्रयोग गर्ने माध्यम हो। मतदाताको सचेत सहभागिताले मात्र लोकतन्त्र सुदृढ र प्रभावकारी बन्न सक्छ। त्यसैले लोकतान्त्रिक प्रणालीमा निर्वाचन जति महत्वपूर्ण हुन्छ, मतदाता शिक्षा त्यत्तिकै आवश्यक हुन्छ। नेपालमा पनि संविधानले मतदानलाई नागरिक अधिकारका रूपमा सुनिश्चित गरेको छ। १८ वर्ष उमेर पुगेका नागरिकले मतदाता सूचीमा नाम दर्ता गरी मतदान गर्न पाउने व्यवस्था छ। लोकतन्त्रको आत्मा नै मतदाता भएकाले सचेत मतदाता बिना लोकतन्त्र बलियो हुन सक्दैन। निर्वाचन प्रक्रियामा नागरिकको सक्रिय सहभागिता र जिम्मेवारीबोध आवश्यक हुन्छ। यही फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनको सन्दर्भमा मतदाता शिक्षाको महत्व झन् बढेको छ। निर्वाचन आयोगले मतदाता शिक्षालाई अभियानकै रूपमा सञ्चालन गरेको देखिन्छ। मतदातालाई मतदानको प्रक्रिया, अधिकार र कर्तव्यबारे जानकारी दिन विभिन्न कार्यक्रम सञ्चालन हुनु सकारात्मक संकेत हो। निर्वाचनको तयारी अचानक भए पनि मतदाता शिक्षामार्फत बदर मत घटाउने र मतदानलाई व्यवस्थित बनाउने प्रयास सराहनीय मान्नुपर्छ।

मतदाता शिक्षा भन्नाले मतदान कसरी गर्ने भन्ने मात्र होइन, किन गर्ने भन्ने चेतना जगाउने प्रक्रिया पनि हो। मतदानको महत्व बुझ्ने मतदाता नै जिम्मेवार नागरिक हुन्छ। मतदानले केवल प्रतिनिधि चयन मात्र गर्दैन, देशको भविष्य निर्धारण गर्ने काम पनि गर्छ। त्यसैले मतदाता शिक्षा लोकतन्त्रलाई बलियो बनाउने आधार हो। सचेत मतदाताले उम्मेदवारको योग्यता, नीति र कार्यक्रमका आधारमा निर्णय गर्न सक्छन्। जात, धर्म, क्षेत्र, पैसा वा प्रलोभनका आधारमा मतदान गर्ने प्रवृत्ति लोकतन्त्रका लागि घातक हुन्छ। यस्ता प्रवृत्तिले योग्य नेतृत्व चयनमा बाधा पुग्छ। मतदाता शिक्षाले यस्ता कमजोरी हटाउन महत्वपूर्ण भूमिका खेल्न सक्छ । मतदान प्रक्रियाबारे स्पष्ट जानकारी नहुँदा धेरै मत बदर हुने समस्या देखिन्छ। बदर मतको संख्या बढ्नु भनेको मतदाताको अधिकारको उपयोग नहुनु हो। त्यसैले मतदान गर्ने तरिका, मतपत्रमा छाप लगाउने स्थान तथा प्रक्रिया स्पष्ट रूपमा बुझाउनु आवश्यक हुन्छ। नमुना मतपत्र प्रयोग गरेर अभ्यास गराउने, मतदान केन्द्र बाहिर जानकारीमूलक सामग्री राख्ने र आवश्यक निर्देशन दिने व्यवस्था प्रभावकारी हुन सक्छ । मतदाता शिक्षाको अर्को महत्वपूर्ण पक्ष भनेको स्वतन्त्र र निर्भय मतदान हो। मतदाताले कसैको दबाब, धम्की वा प्रलोभनमा नपरी मतदान गर्न सक्नुपर्छ। लोकतन्त्रमा स्वतन्त्र मतदान नै जनमतको वास्तविक अभिव्यक्ति हो। मतदाताले आफ्नो मत आफैं प्रयोग गर्नुपर्ने र गोपनीयता कायम राख्नुपर्ने विषयमा पनि स्पष्ट जानकारी दिनुपर्छ ।

आजको सूचना प्रविधिको युगमा मतदाता शिक्षा नयाँ चुनौतीसँग पनि जोडिएको छ। सामाजिक सञ्जाल र विभिन्न माध्यमबाट फैलिने गलत सूचना, अफवाह र भ्रामक प्रचारले मतदातालाई भ्रमित बनाउन सक्छ। त्यसैले सही सूचना र गलत प्रचार छुट्याउने क्षमता विकास गर्नु पनि मतदाता शिक्षाको महत्वपूर्ण पक्ष हो । मतदाता शिक्षा सबै नागरिकसम्म पुग्नुपर्छ। ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दुर्गम क्षेत्रका बासिन्दा, अशिक्षित तथा सीमान्तकृत समुदायलाई पनि समान रूपमा सहभागी गराउने व्यवस्था आवश्यक हुन्छ। निर्वाचनमा चिन्हको प्रयोग गर्नुको उद्देश्य नै अशिक्षित मतदातालाई सजिलो बनाउनु हो भन्ने कुरा स्पष्ट गर्नुपर्छ। मतदाता सूचीमा नाम भए–नभएको जाँच गर्ने विषय पनि मतदाता शिक्षाको महत्त्वपूर्ण पक्ष हो। अहिले मोबाइल र इन्टरनेटमार्फत मतदाता नामावली जाँच गर्न सकिने सुविधा उपलब्ध भएकाले यसको उपयोग गर्न नागरिकलाई प्रोत्साहित गर्नुपर्छ। मतदान केन्द्र, समय र प्रक्रिया सम्बन्धी जानकारी समयमै उपलब्ध गराउन सके मतदाताको सहभागिता बढ्न सक्छ।

निर्वाचनलाई निष्पक्ष र विश्वसनीय बनाउन मतदाता शिक्षाले महत्वपूर्ण भूमिका खेल्छ। सही मतदाताले मात्र मतदान गर्ने व्यवस्था, मतदाता परिचयपत्रको प्रयोग, मतदाता नामावली अद्यावधिक गर्ने कार्य, मतदान अधिकृत र स्वयंसेवकलाई तालिम दिने व्यवस्था तथा मतदान केन्द्रमा सुरक्षा कायम गर्ने विषयमा पनि सचेतना आवश्यक हुन्छ। नक्कली मतदान कानुनी अपराध हो भन्ने चेतना फैलाउन पनि मतदाता शिक्षा प्रभावकारी माध्यम बन्न सक्छ । मतदाता शिक्षा दिने व्यक्ति निष्पक्ष हुनु अत्यन्त आवश्यक हुन्छ। मतदाता शिक्षाको नाममा कुनै दल वा उम्मेदवारको प्रचार हुनु उपयुक्त होइन। नागरिक समाज, स्वयंसेवक तथा सम्बन्धित निकायले मतदातालाई सही प्रक्रिया र जिम्मेवारीबारे जानकारी दिनुपर्छ। मतदाता शिक्षाको उद्देश्य कसैलाई जिताउने वा हराउने नभई सही प्रतिनिधि चयन गर्न सक्षम बनाउनु हो । लोकतन्त्रमा मतदान अधिकार मात्र होइन, कर्तव्य पनि हो। मतदानबाट व्यक्त गरिएको जनमतको सम्मान गर्न सक्ने प्रतिनिधि चयन गर्नु मतदाताको जिम्मेवारी हो। सचेत मतदाता नै लोकतन्त्रको वास्तविक संरक्षक हुन्छ । यसर्थ, सुदृढ लोकतन्त्रका लागि प्रभावकारी मतदाता शिक्षा अपरिहार्य छ। सही मतदाता शिक्षा र व्यवस्थित निर्वाचन प्रक्रियाबाट निष्पक्ष र विश्वसनीय निर्वाचन सम्भव हुन्छ। सचेत मतदाताले मात्र लोकतन्त्रलाई सही दिशामा अघि बढाउन सक्छन्। मतदाता शिक्षामा लगानी गर्नु भनेको लोकतन्त्रको भविष्य सुरक्षित गर्नु हो ।

## तनहुँमा चुनावको तयारी ...........

जिल्लामा प्राप्त भइसकेका छन् । क्षेत्र नम्बर १ को सामग्री दमौलीस्थित कार्यालयमा र क्षेत्र नम्बर २ को सामग्री दुलेगौंडामा सुरक्षित राखिएको छ । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तनहुँमा कायम गरिएको १४४ वटा मतदान केन्द्र मध्य ८ वटा अति संवेदनशील, ५२ वटा संवेदनशील र ८४ वटा सामान्य रहेको सूचिमा राखिएको छ ।

# प्रमुख राजनीतिक दलका वाचा : सबल र आत्मनिर्भर अर्थतन्त्र

♦ रमेश लम्साल

प्रमुख राजनीतिक दलले मुलुकको अर्थतन्त्रको गुणात्मक सुधार गर्ने लक्ष्यका साथ आफ्नो घोषणापत्र सार्वजनिक गरेका छन् । यही फागुन २१ गतेका लागि निर्धारण गरिएको प्रतिनिधिसभा निर्वाचनलाई केन्द्रमा राखेर प्रमुख राजनीतिक दलले मुलुकको अर्थतन्त्रको उन्नयन गर्दै सबल बनाउने योजना अगाडि सारेका हुन् । अर्थतन्त्रको आकार वृद्धि, गुणात्मक आर्थिक वृद्धि तथा अर्थतन्त्रको तेस्रो चरणको सुधारको योजनासमेत घोषणापत्रमा समावेश गरिएको छ। अर्थतन्त्रको बहुआयामिक विस्तार, आत्मनिर्भरता एवं आन्तरिक सवलीकरणका विषयलाई महत्वका साथ प्रमुख राजनीतिक दलले समावेश गरेका छन् । राजनीतिक स्थिरतासँगै आर्थिक विकास र समृद्धिका विषयलाई घोषणापत्रमा समावेश गरेर मुलुकको सवलीकरणमा जोड दिइएको छ ।


नेपाली कांग्रेसले आगामी पाँच वर्षलाई आर्थिक पुनरूत्थानको अर्धदशक घोषणा गर्दै दोस्रो पुस्ताको आर्थिक सुधारमार्फत नेपालको अर्थतन्त्रलाई रू ११५ खर्ब बनाउने लक्ष्य राखेको छ । प्रतिव्यक्ति आयलाई दुई हजार ५०० अमेरिकी डलर पुर्‍याउने सङ्कल्पसमेत कांग्रेसको छ । त्यसका लागि ठूलो मात्रामा लगानी परिचालन गर्ने र त्यसमा ८० प्रतिशत हिस्सा निजी क्षेत्रको कायम गर्दै राज्यको भूमिकालाई केबल सहजकर्ता र निष्पक्ष नियामकमा सीमित गर्ने लक्ष्य राखिएको छ। यस्तै, मुद्रास्फीतिलाई पाँच प्रतिशतभित्र नियन्त्रण गर्ने योजना कांग्रेसको छ ।

उदार अर्थतन्त्र निजी क्षेत्रलाई समृद्धिको मुख्य इञ्जिनका रूपमा स्थापित गर्दै नीतिगत स्थिरता, स्वस्थ प्रतिस्पर्धाको वातावरण निर्माण गर्ने जहाँ सरकारले बजारको प्रतिस्पर्धी निष्पक्षता र स्वच्छताका लागि एक कुशल नियामकको भूमिका मात्र निर्वाह गर्ने योजना छ । उत्पादनमुखी अर्थतन्त्र स्रोजगारीमूलक र उत्पादनमा आधारित उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने योजना अगाडि सारेको कांग्रेसले युवा केबल श्रमिक मात्र नभई सम्पत्ति सिर्जना र उद्यमशीलताका वास्तविक साझेदार रहेको तथ्यलाई आत्मसात गरेको छ ।

न्यून आय भएका र सिमान्तकृत समुदायलाई सम्पत्ति सिर्जना गर्ने, उत्पादक र सम्पत्तिको मालिक बनाउने गरी विशेष आर्थिक अवसर र संरक्षणको सुनिश्चितता गर्ने लक्ष्य कांग्रेसले राखेको दलको छ । हाल सञ्चालनमा रहेका विभिन्न प्रकारका उद्योगले भोग्नु परिरहेका नीतिगत अस्पष्टता, कानुनी झन्झट र संस्थागत जटिलतालाई तत्काल सम्बोधन गर्न एकद्वार प्रणालीलाई प्रभावकारी बनाउँदै झन्झटमुक्त उद्योग सञ्चालनको वातावरण बनाउन कांग्रेसको योजना छ । करका दर र सर्तहरु कम्तीमा पनि १० वर्षसम्म स्थिर रहने व्यवस्था, उद्योग दर्तादेखि नवीकरणसम्मका सबै प्रक्रियालाई कागजविहीन र हैरानीमुक्त बनाउन सरलीकृत डिजिटल प्रणाली लागू गर्ने योजना अगाडि सारिएको छ । यस्तै, लगानी बोर्ड र उद्योग विभागलाई गाभेर पारदर्शी शक्तिशाली, लगानी प्रवर्द्धन एवं संरक्षण बोर्ड स्थापना गर्ने, हाल स्थापना र सञ्चालनमा रहेका विशेष आर्थिक क्षेत्रलाई प्रभावकारी बनाउन आवश्यक नीतिगत र कानुनी प्रबन्ध गर्ने सो दलले घोषणापत्रमा समावेश गरेको छ । कांग्रेसको प्रतिज्ञा नाम दिइएको घोषणापत्रमा अनौपचारिक अर्थतन्त्रलाई क्रमश: औपचारिक बनाउन आवश्यक ज्ञान सूचना तथा सेवासुविधा दिइ सहजीकरण गर्ने योजना अगाडि सारिएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले आधा दशकमा रू एक सय खर्बको अर्थतन्त्र बनाउने लक्ष्य निर्धारण गरेको छ । एक दशकमा रू दुई सय खर्बको अर्थतन्त्र बनाउने योजना राखेको छ । कृषिको उत्पादकत्व, विद्युत् उत्पादन क्षमता, खनिज तथा औद्योगिक उत्पादन, सूचना प्रविधि र भौतिक पूर्वाधार निर्माणमा फड्को मार्दै सात प्रतिशतदेखिसम्मको आर्थिक वृद्धि गर्ने लक्ष्य छ। प्रतिव्यक्ति आय पाँच वर्षमा करिब अमेरिकी डलर तीन हजार पुर्‍याउने लक्ष्यका साथ सम्पूर्ण राष्ट्रिय स्रोतसाधन र सामर्थ्य परिचालन गरिनेछ । समतामूलक द्रुत आर्थिक विकासबाट चरम गरिबीको अन्त्य गर्ने लक्ष्य एमालेको योजना छ ।

कृषिको आधुनिकीकरण गर्दै यस क्षेत्रको अतिरिक्त श्रमशक्तिलाई शिक्षा, सीप र




प्रविधि विकासद्वारा औद्योगिक र सेवा क्षेत्रमा स्थानान्तरण गर्ने लक्ष्य एमालेले निर्धारण गरेको छ । समष्टिगत आर्थिक तथा क्षेत्रगत नीतिहरूलाई लगानीमैत्री र उत्पादन सहयोगी तुल्याउने योजना अगाडि सारेको छ । वित्तीय क्षेत्रको पुँजी उत्पादक क्षेत्रमा विनियोजन गर्ने, पुँजी बजारको विकास तथा सुदृढीकरण गर्दै थप आन्तरिक तथा बाह्य पुँजी परिचालन गरी उच्च आर्थिक वृद्धिका लागि लगानी परिचालन गर्ने एमालेले योजना बनाएको हो ।

आर्थिक वृद्धिमा गुणक प्रभाव पार्ने क्षेत्रमा राज्यको लगानी बढाउने लक्ष्य राखेको एमालेले अर्थतन्त्रका सबै क्षेत्रको उत्पादन एवं उत्पादकत्व वृद्धि हुने र आमजनताको जीवनस्तरमा गुणात्मक सुधार आउने प्रमुख आयोजना सम्पन्न गर्न पर्याप्त हुनेगरी बजेट तर्जुमा गर्ने लक्ष्य राखिएको छ । सार्वजनिक संस्थानको कार्यकूशलता अभिवृद्धि गर्ने, आगामी पाँच वर्षसम्म पुँजी निर्माण र अनिवार्य दायित्वका खर्चबाहेकका अन्य खर्च कटौती गरी रोजगारी सिर्जना हुने उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्ने एमालेको योजना छ । बजेटको अङ्क, निर्धारित समय, नतिजा र गुणस्तरको सीमा उल्लङ्घन गर्ने वा मापदण्ड पूरा नगर्नेलाई दण्डित गर्ने कानुनी व्यवस्था गरी बजेट कार्यान्वयन गर्ने लक्ष्य राखेको छ ।

राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना कार्यान्वयन गर्नमात्रै सार्वजनिक ऋण लिने तथा सार्वजनिक ऋणलाई राष्ट्रिय सामर्थ्यको सुरक्षित अनुपातभन्दा बढ्न नदिने एमालेको भनाइ छ । मुद्रास्फीतिलाई नियन्त्रण गर्ने, खाद्यसुरक्षा कायम गर्ने, उत्पादन वृद्धि, मूल्य तथा आपूर्ति नियमन र उपभोक्ता सचेतना वृद्धि गरी उपभोक्तहित संरक्षण गर्ने योजना सो पार्टीले अगाडि सारेको छ ।

त्यस्तै, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले आर्थिक सुधारको नयाँ चरण सुरूआत गर्ने विषयलाई प्रतिबद्धतापत्रमा महत्वका साथ स्थान दिएको छ। नेपालको संविधानले समाजवादोन्मुख अर्थतन्त्रको परिकल्पना गरेअनुसार नेकपाले समाजवादोन्मुख अर्थतन्त्रको परिकल्पना गरेको छ । बदलिँदो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक परिवेशलाई ध्यान दिँदै उत्पादन वृद्धि, रोजगारी सिर्जना, वित्तीय समावेशीता र आत्मनिर्भरतामार्फत सामाजिक न्यायसहितको आर्थिक समृद्धिलाई केन्द्रमा राख्ने नयाँ चरणको बृहत् र संरचनागत आर्थिक सुधारको प्रक्रिया अगाडि बढाउने नेकपाको सङ्कल्पपत्रमा उल्लेख गरिएको छ। सम्पत्ति शुद्धीकरणलगायत विषयमा अध्ययन गर्ने एक अन्तर्राष्ट्रिय संस्थाले नेपाललाई खैरो सूचीमा राखेका सन्दर्भमा त्यसलाई बाहिर निकाल्न समयबद्ध कार्ययोजना ल्याउने नेकपाको संकल्प छ ।

नेकपाले कृषि तथा ग्रामीण अर्थतन्त्रको रूपान्तरण, ऊर्जा तथा पूर्वाधार विकास, औद्योगिक तथा उद्यमशीलता प्रवर्द्धन, सूचना प्रविधि तथा डिजिटल अर्थतन्त्र, पर्यटन तथा सेवा क्षेत्रको गुणस्तरीय विकास र सामाजिक क्षेत्रलाई प्राथमिकतामा राखेको छ । नेकपाले उत्पादनमूलक रोजगारीमार्फत जनसाङ्ख्यिक लाभको उच्च उपयोग गर्ने गरी प्रतिवर्ष एक लाख ५० हजार अतिरिक्त रोजगारी थप गरी वार्षिक रूपमा पाँच लाख रोजगारी सुनिश्चित गर्ने लक्ष्य राखिएको छ । नेकपाले आर्थिक तथा सामाजिक असमानता न्यूनीकरण गर्दै पाँच वर्षमा हालको बहुआयामिक गरिबीको दर २० दशमलव १५ प्रतिशतबाट घटाएर पाँच प्रतिशतमा झार्ने लक्ष्य राखेको छ ।

उत्पादनमुखी, निर्यात प्रवर्द्धन तथा आत्मनिर्भर अर्थतन्त्र निर्माण गरी आयात निर्भरता क्रमशः न्यूनीकरण गर्ने, स्वदेशी निजी क्षेत्रको लगानी क्षमता अभिवृद्धि गर्दै वैदेशिक लगानीकर्तालाई आकर्षित गर्ने लक्ष्य निर्धारण गरिएको छ । प्राकृतिक स्रोतको विवेकपूर्ण उपयोग, हरित तथा डिजिटल अर्थतन्त्रको जग बसाल्ने नेकपाको उद्देश्य छ । सम्भाव्यताका आधारमा प्रत्येक प्रदेशलाई एक विशिष्ट आर्थिक क्रियाकलापको क्षेत्रका रूपमा विकास

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

| मेष | वृष | मिथुन | कर्कट | सिंह | कन्य |
|---|---|---|---|---|---|
| मेहनतको उचित मूल्यांकन हुनेछ। मान-सम्मान र प्रतिष्ठा बढ्ने सम्भावना छ। नयाँ अवसर हरूको लाभ लिन सकिनेछ। | आर्थिक पक्ष मध्यम रहला। यात्रामा सावधानी अपनाउनुहोस्। परिवारसँग समय बिताउँदा मन हलुका हुनेछ। | नयाँ योजना बन्नेछ र मित्रको सहयोग पाइनेछ। स्वास्थ्यमा सुधार आउनेछ। सामाजिक क्षेत्रमा सक्रियता बढ्ने समय छ। | कार्यस्थलमा केही चुनौती आउन सक्छन्। धैर्य र लगनशीलताले समस्या समाधान हुनेछ। | आर्थिक लाभको सम्भावना छ। पुरानो रोकिएको काम पूरा हुनेछ। नयाँ साथी वा सहकर्मी भेटिने अवसर छ। | यात्रा र बैठकमा समय बित्नेछ। आय-आर्जन बढ्ने छ तर खर्च पनि बढ्ने संकेत छ। |

| तुला | वृश्चिक | धनु | मकर | कुम्भ | मीन |
|---|---|---|---|---|---|
| आजको दिन प्रेम, मित्रता र सम्बन्ध सुदृढ बनाउन सहयोगी हुनेछ। पारिवारिक वातावरण उत्साहपूर्ण रहनेछ। | काममा ढिलाइ भए पनि परिणाम सकारात्मक आउनेछ। व्यापारिक क्षेत्रमा नयाँ सम्भावनाहरु देखापर्नेछन्। | पढाइ-लेखाइमा प्रगति हुनेछ। गुरूजन वा वरिष्ठको मार्गदर्शन लाभदायी हुनेछ। घरमा खुशीको वातावरण बन्नेछ। | अधिकार र जिम्मेवारी बढ्नेछ। मिहिनेतअनुसारको फल प्राप्त हुनेछ। नयाँ क्षेत्रमा हात हाल्ने समय छ। | सहयोगीहरूको साथ पाइनेछ। सामाजिक प्रतिष्ठा बढ्नेछ। नयाँ प्रस्ताव वा सम्झौता फाइदाजनक हुनेछ। | स्वास्थ्यमा सुधार आउनेछ। आर्थिक पक्ष सबल बन्नेछ। शुभचिन्तकको सल्लाहलाई मान्यता दिनुहोस्। |

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय दमौली, तनहुँका, तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

(सूचना प्रकाशित मिति २०८२/११/१३ गते बुधबारको भञ्याङ राष्ट्रिय दैनिक)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको व्याज एवं किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ताफछ्र्यौट गर्न गराउनहुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय दमौली, तनहुँमा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८२/१२/२५ गते बुधबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय दमौली, तनहुँमा दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्विकार वा अस्विकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरणः**

**ऋणी :** नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य कार्यालय, तनहुँ दमौलीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अर्न्तगत मिति २०६८/०४/१० मा प्रा.फ.र.नं. १३०७/०६८/०६९, स्थानीय व्यापारमा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, पोखराबाट करदाताको नाम फडिन्द्र घिमिरे, कारोवारको नाम एक्सिस फेन्सी भई मिति २०६८/०४/१० मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६००२०६७३२ को प्रमाणपत्र प्राप्त एक्सिस फेन्सी ।

**फर्मको ठेगाना :** तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ३, दमौली ।

**प्रोप्राईटर तथा जमानतकर्ता : फडिन्द्र घिमिरे**
(ना.प्र.नं. ८३६८१, जारी मिति २०६२/०६/०७, जारी गर्ने कार्यालय जि.प्र.का., तनहुँ) । **ठेगाना :** तनहुँ जिल्ला म्याग्दे गा.पा. वडा नं. ३ (साविक जामुने गा.वि.स. वडा नं. ६) । **बाबु :** पशुपतिनाथ घिमिरे ।
**बाजे :** दुर्गा दत्त घिमिरे ।

**जमानतकर्ता : पशुपतिनाथ घिमिरे**
(ना.प्र.नं. ३३७२०, जारी मिति २०५५/१०/०६ जारी गर्ने कार्यालय जि.प्र.का. तनहुँ) ।
**ठेगाना :** तनहुँ जिल्ला म्याग्दे गा.पा. वडा नं. ३ (साविक जामुने गा.वि.स. वडा नं. ६) ।
**बाबु :** दुर्गा दत्त घिमिरे । **बाजे :** प्रयागनाथ घिमिरे ।

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. **फडिन्द्र घिमिरे**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला जामुने गा.वि.स. वडा नं. ६ नक्सा सिट नं. ६ख स्थित कित्ता नं. ७९७, क्षेत्रफल ५-०-०-० (रोपनी)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...१
२. ऋणी एक्सिस फेन्र्सीको स्वामित्वमा रहेको चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण ...१

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ तथा **शाखा कार्यालय दमौली, तनहुँबाट** प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थितकर्जा असुली बिभाग र **शाखा कार्यालय दमौली, तनहुँमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

# प्रमुख राजनीतिक .........

गर्ने उद्देश्य निर्धारण गरेको नेकपाले संकल्पपत्रमा निजी, सहकारी तथा सार्वजनिक क्षेत्रबीच सन्तुलन कायम गरेर आर्थिक विकास गरिनेछ ।

नेकपाले अर्थतन्त्रका तीन खम्बालाई सुदृढ गर्दै सामुदायिक क्षेत्रलाई चौथो खम्बा बनाउने योजना अगाडि सारेको छ । उत्पादन लागत कम गर्ने नीति तथा संरचनागत सुधार गर्ने, स्वदेशी उतपादन मूल्य प्रतिस्पर्धी बनाउने योजना अगाडि सारेको नेकपाले खाद्यान्नलगायत रणनीतिक वस्तु तथा सेवामा आत्मनिर्भरता सुनिश्चित गर्ने योजना अगाडि सारेको छ । व्यापार घाटा नियन्त्रणमा ल्याउन प्रतिस्पर्धात्मक लाभका उच्च मूल्यका वस्तुको उतपादन बढाउने वैदेशिक व्यापारको देशभगत विविधीकरण गर्ने, निश्चित उतपादनमा केन्द्रित रही सरकारी निजी तथा सहकारी क्षेत्रको एकल र साझेदारीमा निर्यातजन्य वस्तु उत्पादन गर्ने उद्योग खोल्ने नेकपाको संकल्पपत्रमा समावेश गरिएको छ । कृषि र उद्योग क्षेत्रको विकासबाट उत्पादन र रोजगारी बढाउने कार्यक्रम नेकपाले अगाडि सारेको छ ।

नेपालमा वित्तीय क्षेत्रको साधानको ठूलो हिस्सा समिति घरानाले मात्र गर्ने अवस्था हटाउन मझौला र साना कर्जाको लक्ष्य निर्धारण गर्ने व्यवस्था गरी बैंकलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नेकपाको योजना छ । फिनटेकको अवधारणा अनुरूप वित्तीय सेवा तथा प्रणालीलाई सजिलो, सरल छरितो र पहुँचयोग्य पारदर्शी बनाउने लक्ष्य निर्धारण गरेको नेकपाले कृषि तथा ग्रामीण अर्थतन्त्र रूपान्तरण गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । गरिबीको दर पाँच प्रतिशतमा झार्ने, एक वर्षभित्र सबै किसानलाई परिचयपत्र वितरण र वर्गीकरण गर्ने, पाँच वर्षमा थप ११० हजार मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य राखेको छ। नेकपाले २० वटा सहरलाई 'स्मार्ट सिटी' र १०० वटा ग्रामीण बस्तीलाई 'स्मार्ट भिलेज बनाउने, २०८८ सम्म सबै नागरिकलाई स्वास्थ्य बिमा र केन्द्रमा २५ जना मन्त्रीबाट घटाएर विज्ञसहितको सानो आकारको मन्त्रिपरिषद् बनाउने योजना नेकपाको प्रतिबद्धतापत्रमा समावेश छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आर्थिक उन्नयनको हाम्रो मूल आधार उत्पादकत्वमा निरन्तर वृद्धि हुनेछ भन्ने विश्वास राखेको छ । समग्र विकासको मापन केबल आय वृद्धिबाट होइन, रोजगारी विस्तार, सामाजिक सामञ्जस्य, अवसरको समानता र पर्यावरणीय सन्तुलनमा देखिने गुणात्मक सुधारबाट हुनुपर्छ भन्ने रास्वपाको धारणा छ । निजी क्षेत्रको गतिशीलता, नवप्रवर्तन र सृजनशीलतालाई प्रवर्द्धन गर्ने उदार अर्थनीति र सार्वजनिक शिक्षा, स्वास्थ्य, यातायात, आवास तथा सामाजिक सुरक्षामार्फत राष्ट्रिय आयको समतामूलक पुनर्वितरण गर्ने रास्वपाको योजना छ ।

असान्दर्भिक बनेका करिब दुई दर्जन ऐन खारेज गर्ने, झन्झटिला ऐन र तजबिजी प्रक्रिया शृंखलाबद्ध रूपमा खारेज वा सुधार गरेर उत्पादनको लागत घटाउने, व्यावसायिक वातावरण सुधार्ने र आर्थिक वृद्धिका प्राथमिकता क्षेत्रमा स्वदेशी एवं प्रवासी लगानी आकर्षित गर्ने सो दलले वाचापत्रमा समावेश छ । नेपाललाई सम्मानजनक मध्यम आय भएको मुलुक बन्न अर्को पाँच वर्ष औसत आर्थिक वृद्धि दर वार्षिक सात प्रतिशत कायम गर्ने रास्वपाले लक्ष्य राखेको छ ।

आगामी पाँचदेखि सात वर्षभित्र प्रतिव्यक्ति आय तीन हजार डलर नाघ्ने र अर्थतन्त्रको आकार १०० अर्ब डलर नजिक पुग्ने लक्ष्य सो दलले राखेको छ । सामाजिक न्यायसहितको उदार अर्थनीति निजी क्षेत्रसँगको उन्नत समझदारीका आधारमा राजस्व नघट्ने प्रत्याभूतिसहित सबै करहरूको बोझ घटाउने योजना अगाडि सारेको छ। स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन र सहजीकरणका लागि एकै स्थानमा फाइल पेस गरेपछि अन्य निकाय धाउन नपर्ने व्यवस्थासहित 'वान स्टप' सेवा प्रदान गर्ने सो दलले वाचापत्रमा समावेश गरेको छ । सार्वजनिक आयोजनालाई स्पष्ट उद्देश्य, प्राथमिकता, सुनिश्चित बजेट, निश्चित समय सीमा, योग्य तथा पर्याप्त मानवीय स्रोत र परिणाममूलक लक्ष्यसहित लक्ष्य केन्द्रित कार्यशैली कार्यान्वयन गर्ने सो दलको वाचापत्रमा समावेश गरिएको छ । रासस

## सर्टिफिकेट हराएको सूचना

मिति २०८२ माघ ११ गते स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका ६ निवासी **शिव विक**को नाममा राष्ट्रिय परीक्षा बोर्डले जारी गरेको कक्षा ११ र १२ को एकेडेमिक ट्रान्सक्रिप्ट (सर्टिफिकेट), माइग्रेसन सर्टिफिकेट, प्रतिभा मावि पोखराले जारी गरेको कक्षा ११ को ग्रेड सिट र ज्ञान बगैचा इंलिस बोर्डिङ स्कुल बेलचौताराले जारी गरेको कक्षा १० उत्तीर्ण गरेको चारित्रिक प्रमाण पत्र खैरेनीटारदेखि पोखरासम्म यात्रा गर्ने क्रममा हराएको हुँदा कसैले फेला पार्नुभएको भएमा नजिककै प्रहरी कार्यालयमा बुझाइदिनुहुन वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम** : शिव विक **सम्पर्क नं.** : ९८०५०५५२२०
**ठेगाना** : पुतलीबजार न.पा.-६, स्याङ्जा

## शुक्लागण्डकी नगरपालिका घरनक्शा शाखाको लागि सधियाराका नाममा जारी गरिएको सूचना

गण्डकी प्रदेश तनहुँ जिल्ला शुक्लागण्डकी नगरपालिकाको तपसिलमा उल्लेखित व्यक्तिको आफ्नो नाउँमा दर्ता भएको कित्तामा तपसिलमा उल्लेखित विवरण अनुसारको नयाँ घर निर्माणको लागि यस कार्यालयमा नक्सा पेश भई १५ दिने सन्धि सर्पनको सूचना समेत जारी भई फिल्ड सर्जमिनको लागि जाँदा तल उल्लेखित विवरण अनुसारको तपाई उपस्थित नभएकाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र जग्गामा हकभोग पुग्ने आवश्यक सबुद प्रमाण सहित आफ्नो दाबी खुलेको उजुरी निवेदन यस कार्यालयमा दिनुहोला । अन्यथा नियम अनुसार गरिनेछ भनी पुनः यो सूचना जारी गरिएको छ । म्याद नाघी आएको उजुरीमा कुनै कारवाही हुने छैन ।

**तपसिल**

| सि. नं. | नक्शा दरखास्तवालाको नाम ठेगाना | जग्गाको विवरण | १५ दिने सूचना मिति | घरको किसिम | उपस्थित नहुने सधियारको नाम |
|---|---|---|---|---|---|
| १ | संगिता कार्की शुक्लागण्डकी-५, तनहुँ | साविक उदेनढुंगा १/च कि.नं. ५१०५ क्षे. ०-५-०-१ | २०८२/११/१३ | RCC | पूर्व कि.नं. ५१०६, पश्चिम कि.नं. ४३१५, ४३१६, ४३१७ र ४३१९, उत्तर कि.नं. ३०८९ र ३०९० |






जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८२ फागुन १३, बुधबार
February 25, 2026

# तनहुँ-१ मा नेकपा उम्मेदवार ढकाल : हेभिवेट उम्मेदवारलाई कडा चुनौती

भञ्ज्याङ समाचारदाता/दमौली

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनका लागि तनहुँ क्षेत्र नम्बर १ मा चुनावी सरगर्मी बढेको छ । राष्ट्रिय राजनीतिमा चर्चित अनुहारहरु चुनावी मैदानमा उत्रिए पनि यसपटक स्थानीय स्तरमा भिजेका, निष्कलंक व्यक्तित्वको पहिचान बनाएका विद्यानाथ ढकालको चर्चाले नयाँ मोड लिएको छ ।

नेपाली कम्युनिस्ट पार्टी ( नेकपा) का उम्मेदवार ढकालले राष्ट्रिय स्वतन्त्र पार्टीका स्वर्णिम वाग्ले, नेपाली कांग्रेसका गोविन्द भट्टराई र एमालेकी भगवती न्यौपानेलाई कडा चुनौती दिइरहेका छन् । रास्वपाका स्वर्णिमको उम्मेदवारीले बढी चर्चा कमाएको तनहुँ १ मा स्वर्णिम लगायत अन्य उम्मेदवारलाई ढकालले चुनौती दिएका छन् । भुगोललाई नजिकबाट चिनेका र बुझेका ढकालले जनताको लोकप्रिय उम्मेदवारको पहिचान स्थापित गरेका छन् ।

करिब तीन दशक शिक्षण पेशामा बिताएर 'प्रधानाध्यापक'को सामाजिक छवि बनाएका ढकाल स्थानीय स्तरमा 'विद्या सर'का नामले परिचित छन् । उमेरले ६० नाघे पनि युवा जोश र परिपक्व व्यवहार उनको विशेषता हो । ढकाल भानु नगरपालिका-४ चुँदीका स्थायी बासिन्दा हुन् ।

सहरमा आलिशान महल र विलासी जीवनको मोह त्यागेर आज पनि बुबाले बनाएको पुरानै ग्रामीण घरमा बस्ने उनको सादगीपनले मतदाताको मन जितिरहेको छ । मतदानासँग मत माग्ने क्रममा उनले भन्छन्, 'म यहींको माटो र जनतासँग भिजेको मान्छे हुँ । मलाई भोट माग्न गाउँ आउँदा अरूलाई जस्तो 'म यति



पटक गाउँ आएँ' भनेर स्पष्टीकरण दिइरहनु पर्दैन ।' ढकाल केवल राजनीतिकर्मी मात्र नभई तनहुँको विकासका खाका कोर्ने 'स्वप्नद्रष्टा' पनि हुन् । मादी-मर्स्याङ्दी मोटर मार्ग उनको अवधारणा हो । दमौली-कलेस्ती हुँदै बाइसजाँगर जोड्ने यो रणनीतिक सडकको अवधारणा ल्याउने मुख्य सुत्राधार ढकाल नै हुन् ।

पर्यटन र वातावरणमा उनले चासो दिन्छन् । छिम्केश्वरीमा राष्ट्रिय निकुञ्ज निर्माण, मिर्लुङकोटमा खुला चिडियाखाना र तनहुँसुरको ऐतिहासिकता जोगाउन उनले वर्षौंदेखि पैरवी गर्दै आएका छन् । जलाधार विकासमा उनले निरन्तर आवाज उठाउँदै आइरहेका छन् । वृहत मर्स्याङ्दी जलाधार क्षेत्र विकास सरोकार समितिको संयोजक बनेर उनले यस क्षेत्रको पानी र प्राकृतिक स्रोतको सदुपयोगका लागि ठोस योगदान दिइसकेका छन् ।

परिवार र समाजका लागि उदाहरणीय व्यक्तित्वको पहिचान पनि उनीसँग छ । राजनीतिलाई व्यक्तिगत लाभको पद ठान्ने वर्तमान प्रवृत्ति विपरित ढकालले इमानको राजनीति गरिरहेका छन् । उनका छोरीहरु उच्च शिक्षा हासिल गरी नेपालमै विभिन्न क्षेत्रमा कार्यरत छन् । आफ्ना सन्तानलाई विदेश पलायन हुनबाट रोकेर स्वदेशमै सेवा गर्न प्रेरित गर्ने उनको पारिवारिक पृष्ठभूमिले 'स्वदेशमै रोजगारी' को नारालाई सार्थक बनाएको देखिन्छ ।

**मतदाताको आशाः निष्ठाको राजनीति**

५० वर्ष लामो राजनीतिक यात्रामा पटक-पटक जेल र हिरासत भोग्दा पनि विचलित नभएका ढकाल हाल नेपाली कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य हुन् । स्थापित प्रगतिशील साहित्यकार (आमा लघुकथा संग्रहका लेखक) समेत रहेका उनले सुशासन र सभ्य समाज निर्माणलाई आफ्नो मुख्य एजेन्डा बनाएका छन् । स्थानीय मतदाताहरु भन्छन्, 'ठुला दलका हेभिवेट नेताहरूले आश्वासन मात्र दिए, तर हाम्रा दुःखसुखमा साथ दिने र यहाँको भूगोल बुझ्ने त विद्या सर नै हुन् ।'

## facebook twitter



**Dilnisani Magar**
facebook.com/dilnisani.magar

पर्यटक जान मिल्ने भाटभटेनी जलाएका छौ। पर्यटक सुत्न मिल्ने हिल्टन जलाएका छौ। पर्यटक घुम्न मिल्ने केबुलकार जलाएका छौ। अबको ४०-५० वर्षसम्म विदेशी लगानी नआउने गरेर देशमा आगो लगाएका छौ। देशमा माखो भुत्लो पनि नबस्ने गरेर असुरक्षित बनाएका छौ। आगो लागेको जंगलमा मृग फर्किएर आउदैन। देशमा रोजगारी पाउने आशा गर्नु भन्दा राहदानी बनाउनतिर लाग्दा राम्रो हुन्छ। तर जेल तोडेर कैदीहरु भागेको देशका मान्छेहरूलाई अब विदेशमा काम पाउन त्यति सजिलो छैन।

तिमीहरूले राजनीतिक व्यवस्था परिवर्तन गरेको भए पनि सन्तोष मान्न हुन्थ्यो, तर तिमीहरूले चुनावको मिति मात्रै परिवर्तन गरेका छौ। देशले हारेको बेला तिमीहरूको जीतको कुनै नैतिक मूल्य हुदैन। एकैदिनमा खर्बौं सम्पत्ति जलाउने हरूको घाँटीमा फूलमाला र अबिर लगाउनु सुहाउँदैन। शंख फुक्ने पनि समय हुन्छ, निधारमा टीका लगाउने पनि समय हुन्छ, जनै फेर्ने पनि समय हुन्छ। यिनीहरूले हग्ने बेला पनि, मुत्ने बेला पनि पवित्र घण्टी बजाएर हिंडिरहेका छन्। बहुत अशुभ काम गरिरहेका छन्।

नेताहरूले भ्रष्टाचार गरे भनेर गलत भाष्य सिर्जना गरी दिमागी रूपमा न्यासनल इन्टेलिजेन्स नभएका नेपाली जनतालाई उल्लु बनाउने काम भइरहेको छ। नेपाली रूपैयाँको अन्तर्राष्ट्रिय मूल्य कति छ? जबकि नेपालीले हात-हातमा चलाउने आईफोन किन्न, घाँटीमा झुण्डाउने पहेला सुन किन्न पनि विदेशी डलर चाहिन्छ। विदेशी डलरको कमिसन नेताले होइन, बैंकले खान्छन्। विदेशी लगानीको पैसा नेताले होइन, विदेशी कम्पनीको माफियाले नै खान्छन्। भ्रष्टचार नेताले हैन, अदालत, प्रहरी र ढलेको सिन्का ठाडो नबनाउने ठग जनताले गर्छन्। भारतमा अंग्रेजहरु त्यसै बसेका थिएनन्, तिमीहरूजस्तै गद्दार भारतीयहरूले बिहान-बेलुका अंग्रेजहरूको कलो खाने बानी परेका कारण बसेका थिए। विदेशी दूतावासमा लन्च र ब्रेकफास्ट खानेहरूले ढिलोचाँडो देश पनि खान्छन् ।

# नेपालका सडक मृत्युको ...

बेला सवारी चलाउँदा सडकको पकड कम हुन्छ, जसले गर्दा सवारी नियन्त्रण बाहिर गई दुर्घटना हुन्छ । कुन सडकमा कस्तो सवारी गुड्ने ? सडकमा हिँड्दा चालक, यात्रु वा सडक प्रयोगकर्ता बटुवाले कस्तो अनुशासन पालना गर्ने र कस्तो मान्छेले सवारी चालक अनुमति पत्र पाउने भन्नेमा पनि नेपालमा खासै महत्व दिने गरेको पाइँदैन ।

दुर्घटना भइसकेपछि उद्धारका लागि हामीसँग निश्चित मापदण्ड हुनु आवश्यक छ । दुर्घटना भएपछिको पहिलो एक घण्टालाई 'गोल्डेन आवर' भनिन्छ । यदि यो समयमा घाइतेले प्राथमिक उपचार पाएमा ज्यान जोगिने सम्भावना धेरै हुन्छ। नेपालमा 'सडक दुर्घटना उद्धार निर्देशिका' त छ, तर यसको कार्यान्वयन फितलो छ । घटनालगत्तै नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाले उद्धार कार्यमा खटिएका हुन्छन्। कतिपय अवस्थामा स्थानीय समुदायले पनि सहयोग गरेका हुन्छन् ।

उद्धारका लागि आवश्यक उपकरण, सामग्रीहरूको अभावमा समयमै उदार कार्यमा कठिनाइ हुने गर्दछ। क्रेन र हेलिकप्टर उद्धारको व्यवस्था सीमित छ। समयमै उद्धार हुन नसक्दा कतिपय घाइतेलाई बचाउन सकिँदैन। राजमार्ग छेउछाउमा अस्पताल र ट्रमा सेन्टरहरूको अभाव छ, जसले गर्दा घाइतेलाई समयमै अस्पताल पुर्‍याउन सकिँदैन ।

**अबको बाटो**

देशभर सडक सञ्जालको विस्तारसँगै सवारीसाधनको संख्या पनि ह्वात्तै बढेर गएको छ। वर्षेनी लाखौंको संख्यामा सवारीसाधन भित्रिने गरेका छन्भने वर्षौं पुराना सवारीसाधनहरु पनि सडकमा गुडिरहेका देखिन्छन्। त्यसैले सडक सुरक्षामा सुधार गर्न अब पुरानो ढर्राले पुग्दैन। यसका लागि सरकारले निम्न कुरामा तुरून्तै ध्यान दिनु आवश्यक छः

**लेन अनुशासन :** राजमार्गहरूमा साइकल र मोटरसाइकलका लागि छुट्टै लेनको व्यवस्था गर्नुपर्छ । एउटै सडकमा सबैखाले सवारी गुडाउँदा दुर्घटनाको जोखिम उच्च हुने गर्दछ। अन्य देशमा लेन अनुशासनलाई निकै महत्वका साथ हेरिन्छ ।

**गति निगरानी:** राजमार्गका विभिन्न ठाउँमा 'सिसिटिभी' र 'राडार गन' को प्रयोग गरी तीव्र गतिमा चलाउने चालकलाई कडा कारबाही गर्नुपर्छ । अन्य देशमा जस्तो कडा जरिवानाको व्यवस्था भएमा अनुशासनको पालना हुँदा स्वतः दुर्घटना कम हुने गर्दछ ।

**सवारी परीक्षण:** पुराना र जीर्ण सवारीसाधनलाई राजमार्गमा गुड्न रोक लगाउनुपर्छ । बिसौं वर्ष पुराना वा जीर्ण अवस्थामा रहेका सवारीसाधनलाई सडकमा प्रवेश नदिने व्यवस्थालाई कडाइका साथ लागू गरिएमा दुर्घटनामा कमी आउनेछ ।

**चालकको स्वास्थ्य:** सवारी चलाउने काम पनि उत्तिकै शारीरिक परिश्रमको काम भएकाले चालकको स्वास्थ्य राम्रो हुनु जरूरी हुन्छ । त्यसमा पनि लामो दूरीका चालकहरूको नियमित स्वास्थ्य र मानसिक अवस्थाको परीक्षण अनिवार्य गरिनुपर्छ ।

यी माथि उल्लिखित केही सुधारका प्रयासहरु गर्न सकिए मात्रै पनि सवारी दुर्घटनाको भयावह अवस्थालाई धेरै नै कम गर्न सकिन्छ। अब पनि सडक सुरक्षा सुधारका लागि जनचेतना र सडकको अवस्था सुधारमा तत्काल बृहत्तर पहल नगरे आगामी वर्षहरु थप विकराल हुनेछ । सडक सुरक्षा केवल सरकारको मात्र जिम्मेवारी होइन, यो हामी सबैको साझा दायित्व हो । नियमको पालना गर्ने संस्कृति, व्यवस्थित सडक पूर्वाधार र प्रभावकारी उद्धार संयन्त्रले मात्र नेपालको सडक यात्रालाई सुरक्षित बनाउन सक्छ । अन्यथा, विकासको नाममा खनिएका सडकहरूले नागरिकको रगत पिउने क्रम रोकिने छैन । रासस

(लेखक जेनरल प्राक्टिस एन्ड इमेर्जेन्सी मेडिसिन एसोसिएसन अफ नेपालका अध्यक्ष हुनुहुन्छ)


## तनाव व्यवस्थापनमा परिवारको भूमिका

- परिवारका सदस्यको कुरा ध्यानपूर्वक सुनौं र सहानुभूति प्रकट गरौं ।
- स्वास्थ जीवनशैली अपनाउन प्रोत्साहन गरौं ।
- सामाजिकरूपमा सक्रिय रहन सहयोग गरौं ।
- घरपरिवारका सदस्यसंग नियमित कुराकानी गरौं ।
- जीवनका स-साना प्रयास वा उपलब्धिमा खुशी मनाऔं ।
- साथी तथा इष्टमित्रसंग भेटघाट गर्ने बानी बसालौं ।

आवश्यक परेमा मनोपरामर्शकर्तासंग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

**फागुन १६ गते शनिबार**

१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ **डा. डि.बि. लामिछाने**द्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै **क) नाक सम्बन्धी समस्याहरूका लक्षणहरु :** लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । **ख) कान सम्बन्धी लक्षणहरु :** श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । **ग) घाँटी सम्बन्धी समस्याहरूका लक्षणहरु :** घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।

**हाम्रा उपलब्ध सेवाहरु :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा



## पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।

सम्पर्क : ०६५-५६३९०७, ९८५६०६०३७६
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com


भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४